प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

२०७६/०८/२२

**प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखराको आ.व. २०७६/०७७ मा सञ्चालन गरिने वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम आवश्यक पर्ने स्थानीय तह, क्याम्पस, विद्यालय, संघसंस्था र सम्बन्धित सरोकारवालाहरुलाई प्रस्ताव पेश गर्ने बारेको सूचना**

१) **हिमाली क्षेत्रका विद्यालयमा आवासीय विद्यार्थीका लागि आवास खर्च प्राप्त गर्न**

हिमाली क्षेत्रमा आवास सञ्चालन गरेका सामुदायिक विद्यालयहरुमा आवास सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यलाई सहयोग गर्ने कार्यक्रम अनुरुप मनाङ, मुस्ताङ र गोरखा जिल्लामा आवास सञ्चालन गरेका विद्यालयका विद्यार्थीको दोहोरोपन नहुने गरी आवासीय रुपमा खाने बस्ने व्यवस्था गर्नका लागि दिइने आवासीय छात्रवृत्ती रकम माग गर्नका लागि सम्बन्धित स्थानीय तहको सिफारिस एवम् आवासमा बस्नका लागि छनौट भएका विद्यार्थीहरुको फोटो सहित सम्बन्धित विद्यालयहरुले सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित तोकिए बमोजिमको ढाँचामा प्रस्ताव यस मन्त्रालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२) **सामुदायिक क्याम्पसको स्तरोन्नतिका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आव्हान सम्बन्धी सूचना**

गण्डकी प्रदेश भित्र उच्च शिक्षाको शैक्षिक प्रबर्द्धनका लागि क्याम्पसको भौतिक पूर्वाधार मर्मत/सुधार/निर्माण, फर्निचर व्यवस्थापन, घेराबार, पर्खाल (कम्पाउण्ड वाल) निर्माण तथा पुस्तकालय व्यवस्थापन, ICT लगायतका शैक्षिक सामग्रीको व्यवस्था गर्ने कार्य गर्न यस मन्त्रालयको आ.व. २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **सामुदायिक क्याम्पसको स्तरोन्नतिका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६** बमोजिम यस प्रदेश भित्र सञ्चालित गत आ.व. ०७५/०७६ मा यस मन्त्रालयबाट कुनै पनि अनुदान प्राप्त नगरेका उपर्युक्तानुसारका क्याम्पसहरुलाई प्राथमिकता दिने गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव यस मन्त्रालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

३) **मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन सम्बन्धी कार्यक्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम**

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम तर्फ तपसिलका कार्यक्रम संचालन गर्नका लागि अनुदान दिने कार्यक्रम रहेको हुँदा गण्डकी प्रदेश भित्रका कानून बमोजिम दर्ता भई संचालनमा रहेका संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र **मानव सेवा**

आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन सम्बन्धी कार्यविधि तथा ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सम्बन्धी कार्यविधि २०७६ को अनुसूची २ बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजातहरु संलग्न गरी  प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | संचालन हुने कार्यक्रम |
|---|---|
| १ | मानव सेवा आश्रमहरुको पूर्वाधार विकास तथा सञ्चालन |
| २ | ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम |

**४) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र स्थापना र सञ्चालन**

यस मन्त्रालयको आ.व.२०७६/७७ को वार्षिक कार्यक्रम वमोजिम स्थानीय तहसँगको सहकार्यमा स्थापना तथा सञ्चालन गरिने ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्रको लागि रकम उपलब्ध गराइने कार्यक्रम रहेको हुँदा गण्डकी प्रदेश भित्रका इच्छुक स्थानीय तहले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव सहित तोकिए बमोजिमका कागजातहरु र निवेदन यस मन्त्रालयमा पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**५) संग्रहालय र भवन स्थापना एवम् स्तरोन्नती**

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तरगत विभिन्न संस्कृति, जातजाती र समुदायसँग सम्बन्धित संग्रहालय/भवन स्थापना एवं स्तरोन्नतिलागि अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तह वा सम्बन्धित संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यविधिमा बमोजिमका कागजात संलग्न गरी संग्रहालय र भवन स्थापना एवम् स्तरोन्नती  सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी यस मन्त्रालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**६) पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको मर्मत संभार**

यस मन्त्रालयको आ.व. २०७६।७७ को वार्षिक विकास कार्यक्रम अन्तरगत पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको मर्मत संभारकालागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तह वा सम्बन्धित संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जिद आदिको मर्मत संभारसम्बन्धी कार्यविधि, २०७६ बमोजिम निर्धारित ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी यस मन्त्रालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

७) एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माण

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तरगत एक स्थानीयतह एक खेलमैदान/रङ्गशाला निर्माणकालागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तहले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यविधिमा तोकिए बमोजिमका काजगात संलग्न गरी एक स्थानीयतह एक खेलमैदान/रङ्गशाला निर्माणकालागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम निर्धारित ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी यस मन्त्रालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति:२०७६/०८/१९

यस मन्त्रालयको आ.व.२०७६/०७७ मा श्रम तथा रोजगारको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत विभिन्न सीपमूलक तालिम संचालन गर्ने कार्यक्रम अनुसार तालिम प्रदायक संस्थाहरुको मौजुदा सूची तयार गर्नुपर्ने भएकोले तपशिल बमोजिमका क्षेत्रमा तालिम कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक ईजाजत प्राप्त तालिम प्रदायक संस्थाहरुले आफूले गर्न चाहेको प्रत्येक तालिम कार्यक्रमको लागि छुट्टाछुट्टै रुपमा सार्वजनिक खरिद नियमावली,२०६४ को अनुसूची २(क) बमोजिम सूची दर्ता सम्बन्धी निवेदन यस मन्त्रालयमा दर्ता गराउनुहुन इच्छुक सम्बन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

क) कृषि क्षेत्र ख) सेवा क्षेत्र ग) पर्यटन क्षेत्र घ) कला क्षेत्र ङ) गलैंचा तथा पश्मिना च) निर्माण क्षेत्र छ) होजियारी तथा तयारी पोशाक

**सूची दर्ताको निवेदन साथ देहायका कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।**

१) संस्था दर्ताको प्रमाणपत्र /नवीकरण प्रमाणपत्र

२) स्थायी लेखा नम्वर /मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र

३) गत आ.व. को कर चुक्ता प्रमाणपत्र

४) तालिम सञ्चालनका लागि ईजाजत प्राप्त गरेको प्रमाणपत्र

५) पेशागत कसुर गरे वापत सजाय पाए नपाएको स्वघोषणाको पत्र

सूचीदर्ताका लागि प्राप्त दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ।

यस सम्बन्धी कार्यविधि एवम् प्रस्तावको ढाँचाको जानकारीका लागि मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np वा मन्त्रालयको फोन नम्बर ०६१- ४६७६७२ र ४६७७७१ मा सम्पर्क गर्न सकिनेछ ।